**आकाशवाणी समाचार- नेपाली**

मितिः ११ जनवरी २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. प्रधानमंत्री नरेन्द्र मोदीले भोलि **राष्ट्रीय युवा दिवस**मा दिल्ली को **भारत मंडपम** मा **विकसित भारत युवा नेता संवाद** मा भाग लिनुहुनेछ।

२. गृहमंत्री अमित शाहले आज लागू औषधको तस्करी र राष्ट्रीय सुरक्षामाथि नयाँ दिल्लीमा क्षेत्रीय सम्मेलनको अध्यक्षता गर्नुहुनेछ।

३. उत्तरप्रदेशको प्रयागराजमा सम्पन्न हुनगइरहेको, महाकुंभ असाधारण अनुभव बन्ने तैयारीमा रहेको बताइएको छ।

४. अयोध्या मा रामलला को प्राण-प्रतिष्ठा को एक वर्ष पूरा भएको उपलक्ष्य मा, आज देखि तीन दिवसीय विशेष आयोजन प्रारंभ भइरहेको छ।

५. मलेशिया ओपन बैडमिंटन टूर्नामेंट को सेमीफाइनल मा आज भारत को सात्विक साईराज रैंकीरेडी अनि चिराग सेट्टी को जोड़ी को भिड़ान्त दक्षिण कोरिया को जोडीसित हुनेछ।

**प्रधानमंत्री-युवा नेता संवाद**

प्रधानमंत्री नरेन्द्र मोदीले भोलि **राष्ट्रीय युवा दिवस**मा दिल्ली को **भारत मंडपम** मा **विकसित भारत युवा नेता संवाद** मा भाग लिनुहुनेछ। राष्ट्रीय युवा दिवस को आयोजन स्वामी विवेकानंद को जयंतीमा गरिन्ध। प्रधानमंत्री मोदीले देशभरी का तीन हजार ऊर्जावान नेताहरुसित कुराकानी गर्नुहुनेछ। प्रधानमंत्रीले यस अवसरमा प्रतिभागीहरुद्वारा दस विषयमा लेखिएको सर्वश्रेष्ठ निबंधहरुको संकलन पनि जारी गर्नुहुनेछ। यसमा प्रौद्योगिकी, संधारणीयता, महिला सशक्तिकरण, विनिर्माण अनि कृषि जस्ता विषयमा निबंधहरु शामेल छन्। **विकसित भारत युवा नेता संवाद** को उद्देश्य एक लाख गैर-राजनैतिक युवाहरुलाई राजनीति सित जोड्न अनि उनीहरुलाई **विकसित भारत** प्रति आफ्नो विचार व्यक्त गर्नका लागि राष्ट्रीय मंच प्रदान गर्न हो।

****** o ******

**गृह मंत्री-मादक पदार्थ तस्करी**

गृहमंत्री अमित शाहले आज लागू औषधको तस्करी र राष्ट्रीय सुरक्षामाथि नयाँ दिल्लीमा आयोजित क्षेत्रीय सम्मेलनको अध्यक्षता गर्नुहुनेछ । सम्मेलनमा लागू औषधहरुको तस्करीले राष्ट्रीय सुरक्षामा पार्ने प्रभावबारे चर्चा गरिनेछ । सम्मेलनमा उत्तर भारतका आठ राज्यहरु र केंद्र शासित प्रदेशहरुमा विशेष रूपले ध्यान दिइनेछ । कार्यक्रमको अवधि, श्री शाहले मादक पदार्थ निपटान पखवाड़े को शुभारंभ गर्नुहुनेछ । जब्त गरिएका 44 हजार किलो भन्दा अधिक नशालू पदार्थहरुलाई पखवाड़ेको अवधि नष्ट गरिनेछ। श्री शाहले स्वापक नियंत्रण ब्यूरो भोपाल इकाईको कार्यालय परिसरको उद्घाटन गर्नुहुनेछ । उहाँले देशभरमा मानस-2 हेल्पलाइन को सुविधाको पनि उद्घाटन गर्नुहुनेछ ।सम्मेलनमा राष्ट्रीय नारकोटिक्स हेल्पलाइन "मानस" पोर्टल मा जानकारी तत्काल साझा गर्न , लागू औषधको तस्करीबाट जुझ्न् मा राज्यहरुको मूल्यांकन गर्न र नारकोटिक्स समन्वय तंत्रको प्रभावशीलता माथि चर्चा गरिनेछ । सरकारले लागू औषधहरुको तस्करी सम्पूर्ण रुपमा समाप्त गर्ने नीति अपनाएको छ । गृह मंत्रालयले वर्ष 2047 सम्म देशलाई नशा-मुक्त बनाउनको लागी तीन-सूत्री नीति लागू गरिरहेको छ । यसमा संस्थागत संरचनालाई बलियो बनाउने, लागू औषध विरोधी एजेंसिहरु बीच तालमेल बढ़ाउने र जन-जागरूकतामुलक अभियान शुरू गर्ने शामेल छ ।

****** o ******

**ओम बिरला-सीएसपीओसी**

लोकसभा अध्यक्ष ओम बिरलाले हिज ब्रिटिश द्वीप ग्वेर्नसे मा राष्ट्रमंडल देशका संसद अध्यक्ष अनि पीठासीन अधिकारीहरुसित बैठकको अध्यक्षता गर्नुभयो। उहाँले भन्नुभयो कि भारत मा कृषि, वित्तीय प्रौद्योगिकी, यांत्रिक मेधा को क्षेत्रमा ठुलो परिवर्तन भइरहेको छ। श्री बिरलाले जलवायु परिवर्तन, आतंकवाद अनि साइबर अपराध जस्ता वैश्विक चुनौतीहरुसित जुझ्नका लागि संसद अधिक प्रभावी, समावेशी अनि पारदर्शी बन्न आवश्यक रहेको बताउनुभयो। आगामी वर्ष राष्ट्रमंडल देशहरुका संसद अध्यक्ष अनि पीठासीन अधिकारीहरुको सम्मेलन भारत मा हुनेछ।

****** ० ******

**महाकुम्भ**

उत्तरप्रदेशको प्रयागराजमा सम्पन्न हुने , महाकुंभ असाधारण अनुभव बन्ने तैयारीमा छ । यसमा आध्यात्मिकता, नविनता , परंपरा र डिजिटल प्रगतिको झलक एकसाथ देख्ने अवसर मिल्नेछ। आयोजनको अवधि साइबर ख़तर संग जुझ्नको लागी विशेष व्यवस्ता समेत गरिएको छ । एक रिपोर्ट-

****** ० ******

**प्रधानमंत्री - मुख्यमंत्री कुंभ भेंट**

उत्तर प्रदेश को मुख्यमंत्री योगी आदित्यनाथले हिज नयाँ दिल्ली मा प्रधानमंत्री नरेन्द्र मोदी सित भेटवार्ता गर्नुभयो। श्री योगीले सोशल मीडिया पोस्टमा भन्नुभयो कि प्रधानमंत्री मोदी को मार्गदर्शन मा प्रयागराज मा आयोजित हुन गइरहेको महाकुंभ गौरव को प्रतीक हो। उहाँले भन्नुभयो कि यस कुंभ मा नयाँ भारतलाई आफ्नो दिव्य, भव्य अनि डिजिटल स्वरूप मा प्रदर्शित गरिनेछ। महाकुंभ मेला आगामी 13 जनवरीदेखि 26 फरवरी सम्म आयोजित हुनेछ।

****** ० ******

**अयोध्या वर्षगांठ**

अयोध्या मा रामलला को प्राण-प्रतिष्ठा को एक वर्ष पूरा भएको उपलक्ष्य मा, आज देखि तीन दिवसीय विशेष आयोजन प्रारंभ भइरहेको छ। गत वर्ष प्राण-प्रतिष्ठा 22 जनवरीमा गरिएको थियो, तर हिंदू कैलेंडर अनुसार वर्षगांठ को आयोजन 11 जनवरी देखि गरिन्दैछ। यस अवसरमा मुख्यमंत्री योगी आदित्यनाथले कार्यक्रम को उद्घाटन गर्नुहुनेछ अनि रामलला को अभिषेक गर्नुहुनेछ।

****** ० ******

**मुंबई उच्च न्यायालय-वैटलैंड्स**

महाराष्ट्र मा दलदली भूमि को संरक्षण को लागि बम्बई उच्च न्यायालय मा एक जनहित याचिका दर्ता गरिएको छ। उच्चतम न्यायालयले गत दिसंबर 2024 मा आफ्नो आदेश मा सबै उच्च न्यायालयहरुसित आफ्नो अधिकार-क्षेत्र रहेका दलदली भूमि को संरक्षण को लागि कार्यवाही गर्न भनेको थियो। यस्ता भूमिलाई **रामसर कन्वेंशन साइट पनि** भनिन्छ। बम्बई उच्च न्यायालयले यस मामा मा पर्यावरण अनि वन मंत्रालय, महाराष्ट्र सरकार अनि महाराष्ट्र वेटलैंड्स अथॉरिटीलाई नोटिस जारी गरेको छ। न्यायलयले यस मामला मा आगामी 25 फरवरीको दिन सुनवाई गर्नेछ। रामसर को मान्यता अंतरराष्ट्रीय महत्व को दलदली भूमिलाई दिइन्छ। भारत मा यस्ता 85 स्थलहरु छन् जसमा तीन महाराष्ट्र मा छन्।

****** ० ******

**बीजेपी-सीईसी बैठक**

भारतीय जनता पार्टी को केंद्रीय चुनाव समिति को हिज बेलुकी नयाँ दिल्ली मा बैठक भयो। यसमा दिल्ली विधानसभा चुनाव का लागि पार्टी उम्मीदवारहरुको नाम तय गर्न माथि विचार गरियो। बैठक मा प्रधानमंत्री नरेन्द्र मोदी, पार्टी का राष्ट्रीय अध्यक्ष जगत प्रकाश नड्डा, केंद्रीय मंत्री अमित शाह अनि राजनाथ सिंह पनि उपस्थित थिए। यस अघि प्रधानमंत्रीले पार्टी मुख्यालयमा पत्रकारहरुलाई नव वर्ष, लोहड़ी अनि मकर संक्रान्तिको शुभकामना दिनुभयो।

****** ० ******

**एमपी-संविधान गौरव अभियान**

देशको संविधानको 75 वर्ष पुरा हुने उपलक्ष्यमा, भारतीय जनता पार्टीको मध्यप्रदेश इकाईले आजदेखि राज्यव्यापी संविधान गौरव दिवसको शुरुआत गरिरहेको छ । 25 जनवरीसम्म चल्ने यस अभियानको अवधि भारतीय संविधानको मूल्यहरु र सिद्धांतहरुलाई उजागर गरिनेछ र बाबासाहेब डॉक्टर भीमराव आम्बेडकरलाई श्रद्धांजलि पनि दिइनेछ ।

****** ○ ******

**वेनेजुएला-राष्ट्रपति शपथग्रहण**

वेनेजुएला मा, श्री निकोलस मादुरोले तेस्रो पटक राष्ट्रपति पद को शपथ ग्रहण गर्नुभएको छ। श्री मादुरो गत वर्ष को विवादास्पद चुनाव मा विजेता हुनुभएको थियो। उहाँको शपथ-ग्रहण को अवधि देशभरी मा विरोध-प्रदर्शन भयो। प्रदर्शनकारीहरुले श्री मादुरोके सत्तामाथि बलजब्ती काबा गरेको आरोप लगाएका छन्। श्री मादुरोले आफ्नो जीतलाई वैध बताउनु भएको छ भने मतहरुको वास्तविक आंकड़ा सार्वजनिक गर्न अस्वीकार पनि गर्नुभएको छ। यसै बीच अमरीका, स्पेन अनि यूरोपीय संसदले वेनेजुएला मा निकोलस मादुरो फेरि राष्ट्रपति बनिनलाई अवैध घोषित गरेको छ अनि निर्वासित नेता एडमंडो गोंजालेज़ उरुतियालाई वास्तविक राष्ट्रपति मानेको छ।

****** ○ ******

**बैडमिंटन -मलेशिया ओपन**

मलेशिया ओपन बैडमिंटन टूर्नामेंट को सेमीफाइनल मा आज कुआलालंपुर मा भारत को सात्विक साईराज रैंकीरेडी अनि चिराग सेट्टी को जोडी को भिड़ान्त दक्षिण कोरिया को स्यो स्यूंग जी अनि **किम वोन हो** सित हुनेछ। यो मैच भारतीय समय अनुसार दिउँसो एक बजेर चालीस मिनट मा शुरु हुनेछ। क्वार्टर फाइनल मा भारतीय जोडीले मलेशिया को यू सिन ओंग अनि **ई यी त्यो** को जोडीलाई पराजित गरेको थियो।

****** ○ ******